प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
प्रदेश नं. १, विराटनगर,नेपाल

शिक्षा,युवा तथा खेलकुद महाशाखा

पत्र संख्याः २०७९।८०
चलानी नंः ६२४

मितिः२०७९/०९/ २१

विषयः खेल पुर्वाधार योजनाको सम्झौता सम्वन्धमा ।

श्री तपसिलमा उल्लेखित स्थानीय तहहरु
प्रदेश नं १

प्रस्तुत विषयमा राष्ट्रिय खेलकुद परिषद (संघ ससर्त अनुदान) अन्तर्गत तपसिलका कार्यक्रम विगतका आ.ब.देखि सञ्चालन हुँदै आएकोमा चालु आ.ब. २०७९/८० मा समेत उक्त कार्यक्रमको निरन्तरता रहेकोले सार्वजनिक खरिद ऐन, नियमावली तथा प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्ने गरी आफ्नो स्थानीय तहमा परेका कार्यक्रम कार्यान्वयनका लागि सम्वन्धित संस्था/विद्यालय वा नियमानुसार निर्माण/उपभोक्ता समिति गठन गरी तपसिल बमोजिमको प्रमाणित कागजात सहित २०७९ माघ २० गते सम्म यस मन्त्रालयको शिक्षा युवा तथा खेलकुद महाशाखामा सम्झौताका लागि पठाइदिनुहुन अनुरोध छ।

तपसिल

| क स | कार्यक्रम | स्थानीय तह | रकम रु हजारमा |
|---|---|---|---|
| १ | अर्जुनधारा फुटबल रंगशाला निर्माण, झापा | अर्जुनधारा नगरपालिका | १००० |
| २ | इटहरी व्या.क्लव कवर्डहल निर्माण इटहरी ५ सुनसरी | इटहरी उपमहानगरपालिका | १००० |
| ३ | लक्ष्मी रंगशाला निर्माण कचनाकवल, झापा | कचनकवल गाउँपालिका | १५०० |
| ४ | सुरुङ्गा फुटबल रंगशाला निर्माण झापा | कन्काइ नगरपालिका | १००० |
| ५ | सिंहदेवी प्रा.वि.खेलमैदान निर्माण कमल गा.पा.६ रंगपुर झापा | कमल गाउँपालिका | १००० |
| ६ | बाक्सिला रंगशाला निर्माण खोटाङ | केपिलासगढी गाउँपालिका | १५०० |
| ७ | खोटाङ बजार खेलमैदान निर्माण खोटेहाङ गा.पा. ७ | खोटेहाङ गाउँपालिका | १००० |
| ८ | टेम्के मैयुङ ६ र ७ कभर्ड हल निर्माण | ट्याम्केमैयुङ गाउँपालिका | १००० |
| ९ | लेखर्क खेलमैदान निर्माण तथा स्तरोन्नति ट्याम्के मैयुङ ९ भोजपुर | ट्याम्केमैयुङ गाउँपालिका | १००० |
| १० | आमवारी खेल मैदान निर्माण दमक १० झापा | दमक नगरपालिका | १००० |
| ११ | बिजय आधारभूत विद्यालय फक्तालुङ गा.पा. ३ लिमखिम खेलमैदान, ताप्लेजुङ | फक्तालुङ गाउँपालिका | १५०० |
| १२ | बेलवारी फुटबल रंगशाला निर्माण राधानगर बेलवारी न.पा. | बेलबारी नगरपालिका | १००० |
| १३ | प्रकाश मा.वि.खेलमैदान स्तरोन्नति तथा प्यारापिट निर्माण | वराहक्षेत्र नगरपालिका | १५०० |

फोन नं. ०२१-४४२३८४, इमेलः youthandsportp1@gmail.com, website: mosd.p1.gov.np

उप-सचिव

प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

प्रदेश नं. १, विराटनगर,नेपाल

शिक्षा,युवा तथा खेलकुद महाशाखा

| | | | |
|---|---|---|---|
| | बराहक्षेत्र १० सुनसरी | | |
| १४ | डोमलाल राजवंशी आदिवासी रंगशालाको कम्पाउण्ड वाल निर्माण विर्तामोड ४ झापा | विर्तामोड नगरपालिका | १००० |
| १५ | मदन भण्डारी स्पोर्टस एकेडेमी खेलमैदान निर्माण विर्तामोड नपा | विर्तामोड नगरपालिका | १००० |
| १६ | लक्ष्मी आ.वि. खेल मैदान श्रीजङ्गा गा.पा.३ सिकैचा ताप्लेजुङ | सिरीजंगा गाउँपालिका | १००० |
| १७ | कृष्णराम राई र मोतीप्रसाद राई खेलमैदान निर्माण हलेसी न.पा. | हेलेषीतुवाचुङ नगरपालिका | १००० |
| जम्मा | | | १९००० |

*पेश गर्नुपर्ने आवश्यक कागजातहरु*

१. देहायका व्यहोरा खुलेको स्थानीय तहको पत्र:

   क) उल्लेखित योजनामा हालसम्म भएका कार्यहरुको विवरण ।

   ख) योजनाको लागत इस्टिमेट, प्राविधिक मूल्याङ्कन र कार्यसम्पन्न लगायत योजनाका प्राविधिक कार्यमा प्राविधिक सहयोग गर्ने प्रतिवद्दता ।

   ग) प्रचलित कानुन बमोजिम योजना सञ्चालन गर्ने संस्था/निकाय/निर्माण समिति यकिन गरी सम्झौताका लागि सिफारिस ।

२. स्थानीय तहको प्राविधिकबाट तयारी तथा प्रमूख प्रशासकीय अधिकृतबाट प्रमाणित गरिएको कार्यक्रमको लागत अनुमान (योजना सञ्चालन गर्ने निकाय/संस्था/समितिको १०% साझेदारी हुनुपर्ने)

३. निर्माण/स्तरोन्नति गरिने खेल पुर्वाधार/संरचनाको तस्विर/फोटो

४. सम्झौता पत्र (संलग्न सूचनामा उल्लेखित ढाँचा)

५. योजना सम्झौता गर्ने संस्था/समिति/निकायको खाताको चेकको भित्री पाना (रकम झिक्न प्रयोग हुने पाना) वा बैंक स्टेटमेन्टको प्रमाणित फोटोकपि

६. खेल पुर्वाधारका लागि आवश्यक जग्गा भएको प्रमाणको कागजात/ जग्गाधनी प्रमाणपुर्जा ।

२०७६।०६।२९

(फणिन्द्र खत्री)

महाशाखा प्रमुख

उप-सचिव

थप जानकारीका लागि सम्पर्क नं ९८४२०६१९४५

फोन नं. ०२१-४४२३८४, इमेल: youthandsportp1@gmail.com, website: mosd.p1.gov.np

प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

(शिक्षा, युवा तथा खेलकुद महाशाखा)

प्रदेश नं. १, विराटनगर

पत्र संख्याः ०७९।०८०

चलानी नम्बरः

## सम्झौता-पत्र

प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, प्रदेश नं. १, विराटनगर (जसलाई यस सम्झौतामा यसपछि पहिलो पक्ष भनिनेछ) र ..................... जिल्ला ................................................ निर्माण समिति/विद्यालय (जसलाई यसपछि दोस्रो पक्ष भनिनेछ) बीच गाउँ/नगरपालिकाको वडा नं ..... मा रहेको .......................................... कार्यक्रमका लागि निम्नानुसारका शर्तका अधिनमा रही योजना सम्पन्न गर्न मिति २०७९/ / गते यो सम्झौता सम्पन्न भयो।

**पहिलो पक्षले पालना गर्नुपर्ने शर्तहरु:**

१. ..................... गाउँ/नगरपालिकाको वडा नं ....... मा रहेको ....................................... खेलमैदान/कवर्डहल/रंगशाला निर्माण/स्तरोन्नतिका लागि भएको सम्झौता भएको ७ दिनभित्र पहिलो पक्षलले वेहोर्ने रकमको ३३% रकम दोस्रो पक्षको खातामा पेश्की निकासा दिने।

२. संचालित योजनाको कार्यान्वयन अवस्थाको आवधिक रुपमा अनुगमन गर्ने।

३. दोस्रो पक्षले कार्यक्रम सम्पन्न गरी सम्वन्धित स्थानीय तहका प्राविधिकबाट प्रमाणित मूल्याङ्कन सहित बिल, भर्पाइ, कर दाखिला भौचर र कार्य सम्पन्नताको प्रतिवेदन पहिलो पक्षलाई पेश गरेपछि दोस्रो पक्षको बैंक खातामा प्राविधिक मूल्याङ्कन बमोजिम स्वीकृत बजेटको बाँकी बढीमा ६७ % रकम दोस्रो पक्षलाई निकासा दिने।

४. दोस्रो पक्षले शर्तका अधिनमा रही तोकिएको समयमा कार्य नगरेमा निकासा भएको रकम रोक्का राख्ने तथा कार्य सम्पन्न नगरी अन्यथा गरेमा प्रचलित कानून बमोजिम हुने।

**दोस्रो पक्षले पालना गर्नुपर्ने शर्तहरु:**

१. ........................ गाउँ/नगरपालिकाको वडा नं ...... मा रहेको .......................................... खेलमैदान निर्माण/ स्तरोन्नतिका लागि पहिलो पक्ष समक्ष पेश भए बमोजिम कार्यक्रम सम्पन्न गर्ने जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

२. लागत साझेदारीका १० प्रतिशत रकम बैंक खाता खोली बैंक स्टेटमेन्ट पहिलो पक्षलाई बुझाउनुपर्नेछ।

३. कार्य शुरुआत गर्दा, बीचमा र अन्त्यमा कार्य सम्पन्न पश्चात समेत कार्य प्रगतिको स्थानीय तहका प्राविधिकबाट प्राविधिक मूल्याङ्कन गरी प्रस्ताव गरिए अनुसार कार्य भएको सुनिश्चित गर्नु पर्नेछ।

४. खेलमैदान निर्माण/ स्तरोन्नतिका लागि मितब्ययिता, पारदर्शिता तथा जवाफदेहिता बहन गर्दै प्रचलित कानून तथा आर्थिक ऐन नियमानुसार सेवा तथा सामग्री खरिद तथा व्यवस्थापन गर्नु पर्नेछ।

उप-सचिव

प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
(शिक्षा, युवा तथा खेलकुद महाशाखा)
प्रदेश नं. १, विराटनगर

पत्र संख्याः ०७९।०८०
चलानी नम्बरः

५. सामान खरिद गर्दा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ (संशोधन सहित) अनुसार गर्नु पर्नेछ।
६. तोकिए बमोजिमको सम्पूर्ण कार्य दोस्रो पक्षले २०७९/१२/३० गते भित्र सम्पन्न गर्नुपर्नेछ।
७. कार्य सम्पन्न गरेपछि स्थानीय तहको प्राविधिकबाट गरिएको प्रमाणित मूल्याङ्कन, बैठकका निर्णयहरु, अनुगमन प्रतिवेदन, कार्यक्रमका सम्पूर्ण विवरण सहितको विल, भर्पाइ नियमानुसार कर दाखिला गरेको भौचर तथा अन्य सम्बन्धित कागजातहरुको प्रमाणित प्रतिलिपी पहिलो पक्षलाई बुझाउनु पर्नेछ।
८. योजनाको लागत विवरण सहितको साइनबोर्ड (नमूना अनुसार) तयार गरी आयोजना स्थलमा देखिने गरी राख्नु पर्नेछ।

साइनबोर्डको नमूना

१. आ.व. २०७९/०८०
२. आयोजनाको नामः
३. कार्यक्रमको स्वीकृत रकम रु. .........
४. लागत अनुमान रकम रु. ........
५. लागत सहभागिता ब्यहोर्ने रकम रु. .........
६. प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, प्रदेश नं. १, विराटनगरबाट योजनाका लागि उपलब्ध बजेट रु.................................
७. योजना शुरु भएको मितिः
८. कार्य सम्पन्न हुने मितिः
९. योजना सञ्चालन गर्ने सस्था/समितिको अध्यक्ष/प्रमुखको नाम, थरः
सम्पर्क नं.

सम्झौताका पक्ष र रोहबर

| पहिलो पक्षको तर्फबाट | रोहबर | दोस्रो पक्षको तर्फबाट |
|---|---|---|
| उपसचिवको हस्ताक्षर :<br>नाम थर :-<br>कार्यालय : सामाजिक विकास मन्त्रालय<br>प्रदेश नं. १, विराटनगर<br>छाप<br>मितिः | स्थानीय तहको तर्फबाट<br>हस्ताक्षर :<br>नाम थर :-<br>पदः<br>स्थानीय तह :<br>छाप<br>मितिः | हस्ताक्षर :<br>नाम थर :-<br>समिति/संस्थाः<br>छाप<br>मिति : |

उप-सचिव